# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | सञ्चालक समितिको प्रतिवेदन | ३-१० |
| २. | लेखा समितिको वार्षिक प्रतिवेदन | ११-१२ |
| ३. | लेखापरीक्षकको प्रतिवेदन | १३ |
| ४. | वासलात | १४ |
| ५. | आय बिवरण हिसाब | १५ |
| ६. | इक्विटी विवरण | १६ |
| ७. | नगद प्रवाह बिवरण | १७ |
| ८. | अनुसूचीहरु | १८-२७ |
| ९. | प्रमुख लेखा नीतिहरु | २८-३१ |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि–८, काठमाडौंको आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**शेयरधनी महानुभावहरू,**

यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि-८,काठमाडौंको मिति २०७३/०७/१२ गते शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको आठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरि पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरूको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**साधारण सभा बस्ने मिति, स्थान र समयः**

मिति : २०७३ पुस ०९ गते, शनिबार ।

स्थान : सोल्टी क्राउन प्लाजा(मेघा मल्हार हल), सोल्टीमोड ।

समय : विहान ११:०० बजे ।

**साधारण सभामा छलफल हुने विषयहरूः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व.२०७२/०७३ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. संस्थाको आ.व.२०७२/०७३ को लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३ चालू आ.व.२०७३/०७४ को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. आ.व२०७२/०७३ मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने सम्बन्धमा ।

५. साधारण सभाको निर्णयपुस्तिकामा हस्ताक्षर गर्नको लागी संचालक समितिको तर्फबाट १ जना र शेयर सदस्यको तर्फबाट १ जना प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।

६. शेयर सदस्यहरूलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।

७. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।

८. समान उद्देश्य भएका अन्य सहकारी संस्था सँग एकीकरण गर्ने सम्बन्धमा ।

९. निर्वाचन सम्बन्धमा ।

१०. सहकारी विभाग बाट भएको अनुगमन सम्बन्धमा ।

११. विविध

(नोटः साधारण सभामा भाग लिन संस्थाको निमन्त्रणा पत्र अनिवार्य गरिएको छ । निर्वाचन सम्बन्धी जानकारी को लागि संस्थामा सम्पर्क गनुहुर्न सुचित गरिन्छ ।)

अध्यक्ष

संचालक समितिको आज्ञाले

**देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७२/०७३ को**

# वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी सदस्य महानुभावहरू !**

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को आठौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु भएका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अथिति ज्यूहरू, अथिति ज्यूहरू, सल्लाहकारज्यूहरू, शेयरधनी सदस्य महानुभावहरू, संचालक समितिका साथिहरू, लेखा समितिका साथीहरू, ऋण उपसमितिका साथीहरू, विभिन्न मिडियाका पत्रकार मित्रहरू लगाएत यस सभामा पाल्नु भएका सम्पूर्ण सहकारी कर्मीहरूलाई सस्थाको संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन गर्न चाहन्छु ।

**शेयरधनी सदस्य महानुभावहरू,**

काठमाडौं जिल्लाको पश्चिम भेगलाई मुख्य कार्यक्षेत्र बनाई सरकारले लिएको तीन खम्बे अर्थनीति मध्ये एउटा खम्बा सहकारी अभियान गाउँ गाउँमा सहकारी घर घरमा भकारी भन्ने मुल मन्त्रलाई आत्मासात गर्दै यो अभियानबाट प्रेरित भई सहकारीको अन्तर्राष्ट्रिय मुल्य, मान्यता र सिद्धान्तलाई आत्मा साथ गर्दै सदस्यहरूको सामाजिक, आर्थिक र सांस्कृतिक जिवनलाई परिवर्तन गर्न सकिन्छ भन्ने हेतुले २०६६ साल आसाढ ६ गतेबाट सेवा सुरु गरेको यस देव दर्शन बचत तथा ऋण सहकारी संस्थाले विभिन्न आरोह अवरोह पर गर्दै आजको आठौं वार्षिक साधारण सभा सम्म आइपुग्न सफल भएको छ। यो सफलता हात पार्नमा हामी संचालक समितिको प्रत्यक्ष निर्देशन तथा रेखदेख, कर्मचारी साथिहरूको कडा परिश्रम र इमान्दारीता साथै तपाई हामी सम्पूर्ण शेयर सदस्य महानुभावहरूको माया, सद्भाव, सहयोग र विश्वासको महत्वपूर्ण योगदान रहेको छ। र यो सफलताको श्रेय यो गरिमामय साधारण सभामा उपस्थित तपाई हामीलाई नै जान्छ ।

"अटुट मेहेनत र परिश्रम गर्ने मानिस कहिल्यै असफल हुन सक्दैन ।" हामीले चाहेमा समाजमा उदाहरणीय र प्रशंसनीय काम गर्न सक्छौं । बडापन धनीमा होइन इमान्दारीता र सज्जनतामा अडिएको हुन्छ । त्यहि इमान्दारीता र सज्जनताले नै यस सस्थालाई छुट्टै परिचय र पहिचान सहित स्थापित गराएको छ । सरकारले जारी गरेको ऐन, नियम र मापदण्डलाई आत्म साथ गर्दै सदस्यहरूको सानो सानो पूँजीलाई एकत्रित गरी सदस्यहरूको व्यवसाय वृद्धि गर्न सदस्यहरू माझ ऋण प्रवाह गरी आर्थिक रुपमा सवल एवं सक्षम बनाउने यस संस्थाको मुल उद्देश्य रहेको छ। हाम्रो जस्तो ग्रामिण भेगका बैंकिङ्ग पहुँच नपुगेका सदस्यहरूलाई यस संस्थाले उच्च प्राथमितामा राखी बचत तथा ऋणको सेवा प्रदान गर्दै आईरहेको छ। साथै संस्थाले आफ्नै सहकारी भवनबाट बचत तथा ऋण सेवा, रेमिट्यान्स सेवा लगायतका सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा समय सापेक्ष परिवर्तन र थप सेवाहरू सहित

सदस्यहरूलाई सहज ढंगले सुविधा प्रदान गरिने छ । यसका लागि कर्मचारी र सदस्यहरूका बिच भाईचाराको सम्बन्ध स्थापित गर्दै कमि कमजोरीहरूलाई विस्तारै निर्मूल पारिने छ । त्यस्तै सहकारीको मेरुदण्डको रुपमा रहेको नियमित बचत खाता अनिवार्य रुपमा संचालन गराउने, सदस्यहरूलाई शेयर पूँजी वृद्धि गराउने र ऋणि सदस्यहरूलाई समयमै कर्जा असुल गराउने तथा भाखा नाघेका ऋणि सदस्यहरूलाई कालो सूचिमा राखि नामावली प्रकाशित गरि संस्थाको वित्तिय अवस्थालाई अझ मजबुत बनाइने छ । र यि सम्पूर्ण योजनाहरू पुरा गर्न यहाँहरूको सहयोगको लागि हार्दिक अनुरोध गर्दछु, र अब म आ.व २०७२/०७३ मा संस्थाले हासिल गरेको सफलतालाई यसै प्रतिवेदनमा बुँदागत रुपमा यस साधारण सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| आ.व. | शेयर पूँजी | बचत | ऋण | कुल सम्पत्ति |
|---|---|---|---|---|
| ०६५/०६६ | २२,५०,०००/- | ७४,७२,९३७/- | १०,३०,०००/- | ९२,००,५५९/- |
| ०६६/०६७ | ५२,८४,०००/- | ९,३१,३७,२९९/- | ८,४९,७९,६१६/- | १०,४१,७१,५११/- |
| ०६७/०६८ | ८८,८९,९००/- | १०,३५,५२,७४५/- | ९,३६,८५,१०४/- | ११,८१,२८,२८५/- |
| ०६८/०६९ | १,०७,२९,५००/- | ११,३२,७०,०२०/- | ९,१२,३३,५५५/- | १३,१९,९८,२०५/- |
| ०६९/०७० | १,२०,६७,९००/- | १४,४०,४५,८२७/- | १२,३३,६६,७१२/- | १६,७१,१०,९६७/- |
| ०७०/०७१ | १,४०,२४,१००/- | २४,००,२१,२११/- | १५,७८,५८,६७६/- | २६,७२,१५,२४३/- |
| ०७१/०७२ | १,५४,८४,८००/- | ३०,६७,०३,०५६/- | २२,८९,३९,३०५/- | ३३,८३,१६,८६८/- |
| ०७२/०७३ | २,०१,०५,१००/- | ४०,६९,५५,१३०/- | ३१,५३,५३,८२३/- | ४४,४९,५०,७१४/- |

## १. व्यवस्थापन

संस्थाको व्यवस्थापनमा कार्यकारी अध्यक्ष-१, प्रबन्धक-१, अधिकृत-२, सहायक अधिकृत-१, वरिष्ठ सहायक-५, सहायक-४, कनिष्ठ सहायक-४, सुरक्षाकर्मी-२, पियन-२ समेत २२ जना दक्ष तथा अनुभवी पदाधिकारी एवं कर्मचारीहरू कार्यरत रहेका छौं ।

## २. शेयरपूँजीः

आ.व. २०७२/०७३ मा संस्थाको शेयरपूँजी रु. २,०१,०५,१००(दुई करोड एक लाख पाँच हजार एक सय रुपैयाँ मात्र) पुगेको व्यहोरा आदरणीय शेयरधनी सदस्यहरू समक्ष अवगत गराउन चाहन्छु । साथै संस्थाको शेयर पूँजी बृद्धि गर्न गत आ.व.को शेयर लाभांसलाई शेयर पूँजीमा परिवर्तन गरिदिनुहुन शेयर सदस्य महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछ ।

| क्र.सं. | शेयर कित्ता | सदस्य संख्या | शेयर पूँजी |
|---|---|---|---|
| १ | न्युनतम देखि ४९ सम्म | २२३ | रू. २,४६,४००/- |
| २ | ५० देखि ९९ सम्म | ५९८ | रू. ३०,२१,४००/- |
| ३ | १०० देखि ४९९ सम्म | ३३८ | रू. ६४,६८,५००/- |
| ४ | ५०० देखि ९९९ सम्म | १०० | रू. ५४,०७,८००/- |
| ५ | १००० देखि माथि | ४८ | रू. ४९,६१,०००/- |
|  | जम्मा | १३०७ | रू. २,०१,०५,१००/- |

## ३. निक्षेप संकलन:

संस्थाको गत आ.व. २०७१/०७२ को कूल निक्षेप रु. ३०,६७,०३,०५६.१४(तीस करोड सढसाठ्ठी लाख तीन हजार छपन्न रुपैयाँ चौध पैसा मात्र) रहेकोमा आ.व. २०७२/०७३ मा संस्थाले लागू गरेको विभिन्न बचत योजना अन्तर्गत रु. १०,०२,५२,०७४.८०(दश करोड दुई लाख बाउन्न हजार चौहत्तर रुपैया असि पैसा मात्र) थप निक्षेप संकलन गरी रु. ४०,६९,५५,१३०.९४(चालिस करोड उन्नसत्तरी लाख पचपन्न हजार एक सय तिस रुपैयाँ चौरान्नब्बे पैसा मात्र) पुऱ्याउन सफल भएका छौं ।

## ४. कर्जा सापटी तथा लगानी र असुली:

गत आ.व. २०७१/०७२ मा कर्जा लगानीमा रु. २२,८९,३९,३०५.७९(बाईस करोड उनान्नब्बे लाख उन्नचालीस हजार तीन सय पाँच रुपैया उनासी पैसा मात्र) रहेकोमा आ.व. २०७२/०७३ को अन्त्य सम्ममा रु. ३१,५३,५३,८२३.२५(एकतिस करोड त्रिपन्न लाख त्रिपन्न हजार आठ सय तेइस रुपैया पच्चिस पैसा मात्र) कर्जा लगानीमा रहेको व्यहोरा शेयरधनी सदस्यहरू माझ जानकारी गराउन चाहन्छु ।

## ५. तरलता:

गत आ.व. २०७२/०७३ मा रु. १०,३९,२६,४०६.४६(दश करोड उन्नचालीस लाख छब्बिस हजार चार सय छ रुपैया छयालीस पैसा मात्र) नगद तरलता रहेको छ ।

## ६. आ.व. २०७२/०७३ को कूल आम्दानी र खर्च विवरण:

आम्दानी तर्फ संस्थाले आ.व. २०७२/०७३ मा कर्जा लगानीबाट व्याज रु. ४,२५,८८,६१२.०९(चार करोड पच्चिस लाख अठासी हजार छ सय बाह्र रुपैयाँ नौ पैसा मात्र), प्रक्रियागत शुल्क लगायत अन्य विविध आम्दानी रु. ६१,६१,५१९.६६(एकसाठी लाख एकसाठी हजार पाँच सय उन्नाइस रुपैयाँ छैसाठ्ठी पैसा मात्र) र संभावित जोखिम कोषबाट फिर्ता रु. २३,९४,९१७.७५(तेइस लाख चौरानब्बे हजार नौ सय सत्र रुपैया पचहत्तर पैसा मात्र) गरी कूल रु. ५,११,४५,०४९.५०(पाँच करोड एघार लाख पैतालिस हजार उनान्चास रुपैयाँ पचास पैसा मात्र) आम्दानी गरेको छ भने खर्च तर्फ गत आ.व. २०७२/०७३ मा विभिन्न बचतमा प्रदान गरिएको व्याज खर्च रु. ३,३०,९९,३२८.४३(तिन करोड तिस लाख उन्नानसय हजार तिन सय अठ्ठाइस रुपैयाँ त्रिचालीस पैसा मात्र), प्रशासनिक खर्च रु. ३४,३१,७१८.४०(चौतिस लाख एकतिस हजार सात सय अठार रुपैयाँ चालिस पैसा मात्र), कर्मचारी खर्च रु. ७५,४९,५०१.९३(पचहत्तर लाख उन्नचास हजार पाँच सय एक रुपैयाँ त्रियान्नब्बे पैसा मात्र), ह्रास कट्टी खर्च रु. ६,७३,३३१.२६(छ लाख त्रिहत्तर हजार तिन सय एकतिस रुपैयाँ छब्बिस पैसा मात्र), संभावित कर्जा जोखिम कोष व्यवस्था तर्फ रु. ३०,१७,०७७.५३(तिस लाख सत्र हजार सतहत्तर रुपैयाँ त्रिपन्न पैसा मात्र) र कर्मचारी बोनस व्यवस्था रु ३,३७,४०९.१९(तिन लाख सडतिस हजार चार सय नौ रुपैया नौ

उन्नाइस पैसा मात्र) समेत गरी जम्मा रु. ४,८१,०८,३६६.७४(चार करोड एकासी लाख आठ हजार तिन सय छैंसाठी रुपैयाँ चौहत्तर पैसा मात्र) खर्च भएको व्यहोरा समेत म शेयरधनी महानुभावहरू समक्ष अवगत गराउन चाहन्छु।

## ७. नाफा नोक्सान हिसाबः

आ.व. २०७२/०७३ मा संस्थाको कूल आम्दानी रु. ५,११,४५,०४९.५०(पाँच करोड एघार लाख पैतालिस हजार उनान्चास रुपैयाँ पचास पैसा मात्र) रहेको छ भने गत आ.व. नै संस्थाको कुल खर्च रु. ४,८१,०८,३६६.७४(चार करोड एकासी लाख आठ हजार तिन सय छैंसाठी रुपैयाँ चौहत्तर पैसा मात्र) हुन गएको छ। यसर्थ संस्थाले आ.व. २०७२/०७३ मा आयकर अघि रु. ३०,३६,६८२.७५(तिस लाख छत्तिस हजार छ सय बयासी रुपैयाँ पचहत्तर पैसा मात्र) मुनाफा आर्जन गरेको व्यहोरा म आदरणीय शेयरधनी सदस्य समक्ष राख्न चाहन्छु।

## ८. कुल कारोवारः

संस्थाले आर्थिक वर्ष २०७२/०७३ अन्त्यसम्म कूल कारोवार रु. ४४,४९,५०,७१४.८८ (चौवालिस करोड उन्नचास लाख पचास हजार सात सय चौध रुपैयाँ अठासी पैसा मात्र) पुऱ्याउन सफल रहेको व्यहोरा शेयरधनी सदस्यहरू माझ सहर्ष जानकारी गराउन चाहन्छु।

## ९. सरकारी निकायबाट अनुगमनः

गत आ.व. २०७२/०७३ मा संस्थालाई सहकारी विभाग, डिभिजन सहकारी कार्यालय, काठमाडौं र कर दाता सेवा कार्यालय, कंलकीबाट अनुगमन तथा निरिक्षण भएको थियो। जस अन्तर्गत मिति २०७२/०८/०४ गते सहकारी विभागका अधिकृत श्री प्रेमकुमार श्रेष्ठज्यूको नेतृत्वमा तीन सदस्यीय टोलिले सस्थाको सघन अनुगमन गरि संस्थाको राम्रा पक्षहरूलाई प्रोत्साहन गर्दै कारोबारका सिलसिलामा रहेका कैफियतहरू उपर छलफल गर्न मिति २०७२/१२/१४ गते सहकारी विभाग नयाँ बानेश्वरमा संस्थाका संचालक समिति, लेखा समिति र व्यवस्थापक सहित आमन्त्रण गरिएको थियो। उक्त छलफल पश्चात आगामी साधारण सभासम्म कैफियत गरेका बुँदाहरूलाई सुधार गर्ने प्रतिबद्धता अनुरुप सुधार कार्य भैरहेको जानकारी गराउँदछु। त्यस्तै मिति २०७३/०२/०३ गते डिभिजन सहकारी कार्यालय काठमाडौंका अधिकृत श्री लक्ष्मीनारायण वैद्यज्यूको नेत्तृत्वमा दुई सदस्यीय टोलिले संस्थाको अनुगमन/निरिक्षण गरि विवरण माग गरिएको थियो। उक्त अनुगमनमा पनि संस्थालाई आवश्यक सुझाव प्रदान गरिएको थियो। त्यस्तै मिति २०७३/०२/०९ गते कर दाता सेवा कार्यालय कंलकीबाट पनि कारोबार तथा कर सम्बन्धी विवरण माग भई पूर्ण लेखा परिक्षण (Full Audit) सम्पन्न भएको थियो। उक्त परिक्षणमा पनि संस्थाले तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर चुक्ता देखिएको र कारोबारका सिलसिलामा गुर्नपर्ने सावधानीहरूको विषयमा सुझाब दिइएको थियो। र आजको यस साधारण सभामा संस्थाको तर्फबाट सहकारी विभाग,

डिभिजन सहकारी कार्यालय, काठमाडौं तथा कर दाता सेवा कार्यालय, कंलकीलाई अनुगमन तथा सुझावका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

## १०. संस्थाको गतिविधिहरू:

क) संस्थाका पदाधिकारीहरू, कर्मचारीहरू तथा शेयर सदस्यहरू बिच नेपालीहरूको महान पर्व दशैं, तिहार र छठ पर्वका अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरिएको थियो ।

ख) मिति २०७२ चैत्र २० गते राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा आयोजित प्रभातफेरी तथा कार्यक्रममा सहभागिता रहेको थियो ।

ग) गत आ.व.मा पदाधिकारीहरू र कर्मचारीहरूको पून: ताजगीका लागि सहकारी अवलोकन भ्रमण अन्तर्गत लमंजुङ्ग घलेगाउँको भ्रमण गरिएको थियो ।

घ) मिति २०७३ जेष्ठ ७ गते "संस्थाको वर्तमान अवस्था र भावि योजना" विषयक अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

ङ) संस्थाको आठौं वार्षिक उत्सवको उपलक्ष्यमा मिति २०७३ असाढ ४ गते वृहत स्वास्थ्य शिविरको आयोजना गरिएको थियो । जस्मा २५० जना सदस्यहरूको स्वास्थ्य परिक्षण गरिएको थियो ।

च) संस्थाको आठौं वार्षिक उत्सवको उपलक्ष्यमा खेलकुद क्षेत्रलाई प्रोत्साहित गर्ने उद्देश्यले मिति २०७३ जेष्ठ २५ गते देखि आषाढ ४ गते सम्म "प्रथम देवदर्शन कप ब्याडमिन्टन प्रतियोगिता" संचालन गरिएको थियो । जस्मा २२ टिमको सहभागिता रहेको थियो ।

छ) मिति २०७३ आषाढ १८ गते ९४ औं अन्तर्राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा "सहकारी दिगो भविष्य को कार्य शक्ति" भन्ने मूल नाराका साथ आयोजना भएको मानव साङलो कार्यक्रममा सहभागिता रहेको थियो ।

ज) विभिन्न मितिमा राष्ट्रिय सहकारी संघ, जिल्ला सहकारी संघ, नेफस्कून, कास्कून आदि संस्थाको वार्षिक उत्सव, वार्षिक साधारण सभा र अन्य गतिविधिहरूमा संस्थाको तर्फबाट सक्रिय सहभागिता रहेको थियो ।

### सदस्य हितकोष नीति अनुसार सुत्केरी भत्ता सुविधा लिने सदस्यहरू:

| क्र.सं. | सदस्यको नाम | सुत्केरी भत्ता रकम |
|---|---|---|
| १ | लक्ष्मी राउत | रू. ५,०००/- |
| २ | निर्मला थापा | रू. ५,०००/- |
| ३ | पवित्रा खरेल | रू. ५,०००/- |
| ४ | कल्पना ढकाल | रू. ५,०००/- |
| ५ | शारदा महर्जन | रू. ५,०००/- |

### ११. सातौं वार्षिक साधारण सभा:

संस्थाको सातौं वार्षिक साधारण सभा मिति २०७२/०६/२३ गते सतुंगल पार्टि प्यालेस, सतुंगलमा सु-सम्पन भएको थियो । उक्त साधारण सभामा प्रमुख अतिथिको रुपमा उप सचिव श्री कृष्णराज खनालज्यूको उपस्थिति रहेको थियो साथै अन्य अतिथिज्यूहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिज्यूहरूको पनि उपस्थिति रहेको थियो । ६०६ जना शेयर सदस्य महानुभावहरूले उक्त साधारण सभामा भाग लिनु भएको थियो । साथै संस्थाले उक्त साधारण सभामा उत्कृष्ट बचतकर्ता सदस्य, उत्कृष्ट कारोबारी सदस्य, उत्कृष्ट आवधीक बचतकर्ता सदस्य, उत्कृष्ट अवधि बचतकर्ता सदस्य, उत्कृष्ट वर्ष कर्मचारी( आन्तरीक/वाह्य) १/१ जना, S.L.C परिक्षामा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यहरूका एक छोरा/एक छोरी लाई प्रदान गरिदै आएको Devdarshan S.L.C Excellence Award पनि प्रदान गरिएको थियो । समग्रमा सातौं वार्षिक साधारण सभा कार्यक्रम सफल रुपमा सम्पन्न गरिएको थियो ।

### १२. राजस्वमा योगदान:

आ.व. २०७२/०७३ मा संस्थाले आन्तरिक राजस्व कार्यालय कलंकीमा विभिन्न राजस्व शिर्षकमा रु २२,०१,०२० (बाईस लाख एक हजार बिस रुपैया मात्र) दाखिला गरेको थियो । जस अन्तर्गत ब्याज कर रु १६,५४,९६६.५६(सोह्र लाख चौबन्न हजार नौ सय छैसाठि रुपैया छपन्न पैसा मात्र), पारिश्रमिक कर रु ३,१४,०४९.७४(तिन लाख चौध हजार उन्नाचास रुपैया चौहत्तर पैसा मात्र), शेयर लाभांश कर रु ७४,०८३.०६ (चौहत्तर हजार त्रियासी रुपैया छ पैसा मात्र), बैठक भत्ता कर रु २४,८२५(चौबिस हजार आठ सय पच्चीस रुपैया मात्र), लेखा परिक्षण कर रु ११,२५०(एघार हजार दुई सय पचास रुपैया मात्र), सल्लाहकार भत्ता कर रु. ९,८४०(नौ हजार आठ सय चालिस रुपैया मात्र), श्रोतमा कर कट्टी रु. १,१०,२५५.६४(एक लाख दश हजार दुई सय पचपन्न रुपैया चौसाठी पैसा मात्र), सुत्केरी भत्ता कर रु. १५००(एक हजार पाँच सय मात्र) र हल भाडा कर रु. २५०(दुई सय पचास मात्र) दाखिला गरेको थियो भने त्यस्तै संस्थाले गत आ.व.को नाफाबाट रु. ६,०७,३३६.५५(छ लाख सात हजार तिन सय छत्तिस रुपैया पचपन्न पैसा मात्र) आयकर व्यवस्था गरेको जानकारी यस सभा समक्ष गराउँछु ।

### १३. आ. ब. ०७३/०७४ को लागि लक्ष्य एवं बजेट :

**क. शेयर पूजी :**

संस्थाको कारोबार बृद्धि गर्न सदस्य संख्या बृद्धि संगै आ.ब. ०७३/०७४ सम्ममा रु. २ करोड ५० लाख शेयर पूँजी पुर्‍याउने संस्थाको लक्ष्य रहेको छ ।

**ख. निक्षेप संकलन :**

बिभिन्न प्रकारका निक्षेप संकलन एवं भुक्तानी गरी आ.ब. ०७३/०७४ को अन्त्य सम्ममा संस्थाको कुल बाँकी निक्षेप रु. ५० करोड पुर्‍याउने लक्ष्य रहेको छ ।

**ग. कर्जा लगानी :**

शेयर, बचत, साँवा र ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. ०७३/०७४ मा विभिन्न उद्देश्यका कर्जामा रु २५ करोड लगानी गर्ने उद्देश्य राखिएको छ ।

**घ. कर्जा असुली :**

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ. ब. ०७३/०७४ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार रु. १६ करोड असुली गरि सोहि आ.ब. को अन्त्य सम्ममा लगानीमा बाँकी कर्जा रु. ४० करोड हुने अनुमान गरिएको छ।

**ङ. कर्मचारी दरबन्दी :**

हाल संस्थामा कार्यरत कर्मचारीहरू सहित आ. व. ०७३/०७४ मा हुने अनुमानित कुल कारोबार बृद्धि अनुसार आवश्यक शाखाहरूमा कर्मचारीहरू थप गर्नुपर्ने अनुमान गरिएको छ।

**च. अनुमानित खर्च :**

आ. ब. ०७३/०७४ को लागि बचत तथा सापटीमा ब्याज खर्च तर्फ रु. ४ करोड ३ लाख ३ हजार, कर्मचारीहरूको तलब, भत्ता तथा अन्य सुबिधा आदिको लागि रु. ८५ लाख ५० हजारको व्यवस्था गरिएको छ। त्यस्तै कार्यालय संचालन खर्च तर्फ रु. ३९ लाख ४५ हजार र ह्रासकट्टी रु ११ लाख ८६ हजार गरी जम्मा रु. ५ करोड २९ लाख ८४ हजार अनुमानित खर्च व्यवस्था गरिएको छ।

**छ. अनुमानित आम्दानी :**

आ.ब. ०७२/०७३ मा कर्जा तथा सापट बाट ब्याज आम्दानी तर्फ रु. ५ करोड १ लाख ५० हजार अनुमान गरिएको छ। त्यसैगरी विविध आम्दानी तर्फ रु. ६९ लाख ३४ हजार गरी जम्मा अनुमानित आम्दानी रु. ५ करोड ७० लाख ८४ हजार हुने अनुमान गरिएको छ।

**ज. नाफा-नोक्सान स्थिति :**

उपरोक्त बमोजिम कुल अनुमानित आम्दानी रकम रु. ५ करोड २९ लाख ८४ हजार बाट अनुमानित खर्च रकम रु. ५ करोड ७० लाख ८४ हजार कट्टा गर्दा अनुमानित नाफा रकम रु. ४१ लाख रहन जाने देखिन्छ।

**झ. आ.ब. ०७३/०७४ को लागि अनुमानित सम्पत्ति बजेट :**

आ. ब. २०७३/०७४ मा संस्थाले सदस्य सेवा काउन्टर संचालन गर्ने योजना रहेको हुँदा अनुमानित रु २० लाखको सम्पत्ति बजेट बिनियोजन गरिएको छ।

## १४. आगामी ५ वर्षे योजना:

क) समान उद्देश्य भएका अन्य सहकारी संस्था संग एकिकरण गरी सदस्य सेवा काउन्टर संचालन गर्ने

ख) संस्थालाई दिगो रुपमा संचालन गर्न र स्थायित्व प्रदान गर्न नेफस्कूनले अघि सारेको राष्ट्रिय स्तरको ब्राण्डिङ्ग प्रोगाम प्रोबेसन् मा संस्थालाई लैजाने।

ग) सदस्य हितकोष नीतिलाई प्रभावकारी ढंगले लागू गर्ने।

घ) सदस्यहरूलाई अनिवार्य नियमित मासिक बचतको लागि उत्प्रेरणा दिइदै नयाँ सदस्य वृद्धि तथा पुरानो सदस्यहरूलाई शेयर थपका लागि प्रोत्साहन गर्ने ।

ङ) सदस्यहरूलाई स्वास्थ्य उपचार तथा एम्बुलेन्स सेवाका लागि नयाँ योजना तयार गर्ने ।

च) संचालक समिति तथा अन्य उप समिति सदस्यहरूलाई नेतृत्व विकास क्षमता अभिवृद्धि हुने कार्यक्रम संचालन गर्ने ।

**१५. धन्यवाद ज्ञापन:**

अन्तमा संस्थालाई निरन्तर रुपमा सहयोग गरी रहनु हुने हाम्रा आदरणीय शेयरधनी सदस्यहरूलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । त्यसैगरी संस्था संचालनका लागि मार्गदर्शकको रुपमा रहेको सहकारी विभाग काठमाडौं, डिभिजन सहकारी कार्यालय काठमाडौं, संचालक समितिका पदाधिकारीहरू, लेखा समितिका पदाधिकारीहरू, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने व्यक्ति संघसंस्था एवं आ.व. २०७२/०७३ को लेखा परीक्षण प्रतिवेदन तयार गरी सहयोग पुऱ्याउनु हुने लेखा परीक्षक श्री हरिकृष्ण श्रेष्ठ(एच. के. श्रेष्ठ एण्ड कम्पनी) र नेपाल सरकारको सम्बन्धित निकाय समेतलाई सहयोगको लागि स-धन्यवाद हार्दिक आभार प्रकट गर्न चाहन्छु । भविष्यमा पनि सबै क्षेत्रबाट सहयोग पाउने अपेक्षा गरेको छु । संस्था संचालनमा हरतरहले सहयोग पुऱ्याउने संस्थाका प्रबन्धक, अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूलाई मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै आजको यस सभामा हाम्रो निमन्त्रणालाई स्वीकारी पाल्नु भएका प्रमुख अतिथि, बिशेष अतिथि, अतिथि, शेयर सदस्य महानुभावहरू र विभिन्न मिडियाबाट उपस्थित पत्रकार मित्रहरूमा समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु । अन्तमा लेखा परीक्षकद्वारा तयार पारिएको आ.व. २०७२/०७३ को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब लगायत अन्य वित्तीय विवरणहरू र संचालक समितिको तर्फबाट प्रस्तुत प्रस्तावहरू अनुमोदनको लागि शेयरधनी सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।　　　　जय सहकारी ॥　　　　२०७३।०९।०९ गते शनिबार ।

**देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**आठौं वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट**
**संयोजकको आ.व. २०७२/०७३ को**

# वार्षिक प्रतिवेदन

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को आठौं वार्षिक साधारण सभाका सभापति ज्यू, प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरू, संचालक समितिका सदस्यज्यूहरू, यस संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरू तथा अन्य आमन्त्रित सदस्यहरूमा यस संस्थाको आठौं वार्षिक साधारण सभाको अवसरमा हार्दिक स्वागत गर्दै लेखा समितिको तर्फबाट म संयोजकको हैसियतले तपाईहरू समक्ष आ.व. ०७२/७३ को लेखा समितिको प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

यस संस्थाले स्थापनाको छोटो अवधिमा जुन किसिमको वित्तिय सफलता हाँसिल गरेको छ । त्यसलाई कायम राख्न र संस्थालाई दिर्घकालीन रुपमा स्थायित्व सहित संचालन गर्नको लागि संस्थागत सुशासन, वित्तिय अनुशासन, नीति नियमको पालना तथा नियमन निकायद्धारा दिइने निर्देशन तथा सुझावलाई पालना गर्नुपर्ने देखिन्छ र संस्थाले सहकारी विभाग, डिभिजन सहकारी कार्यालयको निर्देशन, संस्थाको स्विकृत विनियम तथा नीतिहरू कार्यान्वयन गर्दै जाने छ भन्ने मैले विश्वास लिएको छु । साथै आगामी दिनहरूका लागि लेखा समितिको तर्फबाट केही सुझावहरू पनि दिन चाहन्छु ।

**लेखा समितिको सुझावहरू:**

क) सस्थाको बचतको तुलनामा शेयर पूँजी कम भएकोले तत्काल शेयर पूँजी वृद्धि गर्नुपर्ने देखिन्छ । शेयर पूँजी वृद्धिको लागि विभिन्न कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ ।

ख) तरलता व्यवस्थापनमा जोड दिनु पर्ने देखिन्छ ।

ग) संस्थाको लागि आवश्यक उपसमितिहरू गठन गरी ति उप समितिहरूलाई सक्रिय रुपमा संस्थाको विकास तथा गतिविधिमा संलग्न गराउनु पर्ने देखिन्छ ।

घ) संचालक समिति, लेखा समिति तथा अन्य उप समितिहरू र सदस्यहरू बीच समय समयमा संस्थाको गतिविधि, आगामी योजनाहरूका विषयमा अन्तरक्रिया कार्यक्रम गर्नुपर्ने देखिन्छ ।

ङ) संचालक समितिले ३ वर्षे रणनीतिक योजना तयार गरी लागू गर्नु पर्ने देखिन्छ ।

च) संस्थाका पदाधिकारीहरू तथा कर्मचारीहरूको नेतृत्व क्षमता, कार्य दक्षता बढाउन तालिम, सेमिनार र भ्रमण जस्ता कार्यक्रममा सहभागी गराउने तथा त्यस्ता कार्यक्रम संस्था आफैले पनि संचालन गर्नुपर्ने सुझाब दिईन्छ ।

छ  सहकारी विभागबाट भएको अनुगमनमा प्राप्त निर्देशनहरू, डिभिजन सहकारी कार्यालयको सुझाव तथा निर्देशन, लेखा समितिको सुझाव र लेखा परिक्षकको टिप्पणीलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

अन्तमा यस समितिलाई आफ्नो कार्यकाल सफलता पूर्वक सम्पन्न गर्न आवश्यक सहयोग प्रदान गर्नुहुने सहकारी विभाग, डिभिजन सहकारी कार्यालय, सहकारी सम्बन्ध संघहरू, संचालक समिति, ऋण उप समिति, सम्पूर्ण शेयर सदस्य महानुभावहरू, प्रबन्धक, अधिकृत तथा सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।  जय सहकारी ॥

नानु पण्डित(थापा)
संयोजक
लेखा समिति

**H. K. Shrestha & Co.**
Cop. No.3062, Firm Registration No. 2798-Kha,
ICAN Member No. 3744
Registered Auditor- PAN 500204357

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**संचालक महानुभावहरू समक्ष**

## स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन

मैले यसै साथ संलग्न देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को २०७३ आषाढ मसान्तसम्म को वासलात सो मितीमा समाप्त भएको आ.व.को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छु। वित्तीय विवरणहरू प्रतिको सम्पूर्ण उत्तरदायित्व व्यवस्थापनमा रहन्छ। व्यवस्थापनले तयार गरेका ती विवरणहरू उपर लेखापरीक्षणको आधारमा संलग्न आर्थिक विवरणहरू उपर अवधारण प्रस्तुत गर्नु मेरो उत्तरदायित्व हो।

लेखा परीक्षणको सिलसिलामा मैले प्रचलित लेखामान र लेखापरीक्षणमानलाई मध्य नजर राखी उक्तकार्य सम्पन्न गरेको छु। लेखा परीक्षणको योजना तथा कार्य सम्पादनबाट हामीले लेखाको आवश्यक खाता, कागजपत्रहरू र सैद्धान्तिक लेखा नितीको सहि व्यवस्थापन र पालना गरिएको छ छैन भन्ने अवधारण प्रस्तुत गरेका छौं। संस्थाको लेखा परीक्षण सम्पन्न गरि निम्नानुसार प्रतिवेदन पेश गरेको छु।

१) मैले लेखा परीक्षणको शिलशिलामा आवश्यक ठानी सोधनी तथा कैफियत गरेका कुराहरूको जवाफ एवं स्पष्टीकरणका साथै आर्थिक विवरणहरू सन्तोषजनक पाएं।

२) मेरो रायमा संस्थाले आफ्नो हिसाब किताब तथा लेखा सम्बन्धि श्रेस्ताहरू सहकारी ऐन २०४८ वमोजिम राख्नुको साथै अन्य आवश्यक प्रक्रियागत ढंगले राखेको पाइएको छ।

३) मेरो रायमा, हामीले जानेबुझे सम्म र हामीलाई उपलब्ध गराएका सुचनाहरू एवं स्पष्टीकरणको आधारमा संलग्न हिसाबले सो मा उल्लेखित टिप्पणीहरूको साथ अध्ययन गर्दा,

क. वासलातको सम्बन्धमा २०७३ आषाढ मसान्तसम्ममा संस्थाको आर्थिक अवस्थाको यथार्थ चित्रण गर्दछ।

ख. यस प्रतिवेदनसंग संलग्न नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणले उक्तअवधिमा भएको वचत तथा न्यून र नगद प्रवाहको यर्थाथ चित्रण गर्दछ।

४) हाम्रो विचारमा हामीले जानेबुझे सम्म तथा हामीलाई उपलब्ध गराएको स्पष्टिकरण र हामीले लेखा परिक्षण गरेका आधारमा संस्थाको संचालक समिति वा संचालक समितिको कुनै सदस्य वा संस्थाको कुनै कर्मचारीले ऐन कानुन विपरित कार्य गरेको वा संस्थालाई हानी नोक्सानी हुने कार्य गरेको वा कुनै किसिमको आर्थिक हिनामिना गरेको वा नेपाल सरकार सहकारी विभागको निर्देशन विपरीत वा संस्था र निक्षेपकर्ताहरूको हित र सुरक्षामा आघात पर्ने कुनै काम गरेको हाम्रो जानकारीमा छैन।

रजिर्ष्टड लेखापरीक्षक
हरिकृष्ण श्रेष्ठ
एच.के. श्रेष्ठ एण्ड कं

मिती : २०७३।-८।०६
ठेगाना : लाजिम्पाट, काठमाडौं

Address: Balkot-02, Bhaktapur Phone No. 4428507, 4005089, 9851047942
Mailing address: hari_krishna_shrestha@yahoo.co

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-८, दाउरा डिपो, काठमाडौ

**२०७३ आषाढ मसान्तमा स्थिति विवरण पत्र**

## (वासलात)

| पूँजि तथा दायित्व | अनुसुची | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|
| शेयर पूँजी | ५ | २०,१०५,१००.०० | १५,४८४,८००.०० |
| जगेडा कोष | १ | ५,३५३,००७.८७ | ३,८२२,०७५.८२ |
| अन्य कोष | २ | २,५६४,०९८.३७ | २,२८८,०५४.६१ |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था | २ | ३,०१७,०७७.५३ | - |
| निक्षेप दायित्व | ६ | ४०६,९५५,१३०.९४ | ३०६,७०३,०५६.१४ |
| तिर्न बांकी ऋण तथा कर्जा सापटी | | - | - |
| अन्य दायित्व, भुक्तानी दिनुपर्ने हिसाब | ८ | ६,३४८,९६३.६२ | ९,४४८,७९७.८४ |
| आयकर व्यवस्था | ७ | ६०७,३३६.५५ | ५७०,०८३.८० |
| जम्मा | | ४४,४९,५०,७१४.८८ | ३३८,३१६,८६८.२१ |
| | | | |
| सम्पत्ति | अनुसुची | यस आ.व. रु. | गत आ.व. रु. |
| नगद मौज्दात | ९ | ३,१४५,९१३.०० | १,२८४,६२८.०० |
| बैक मौज्दात | १० | १००,७८०,४९३.४६ | ८२,६४२,६१४.३४ |
| सहकारी बैंक तथा संघमा लगानी | ११ | १,०३६,०००.०० | १,०२६,०००.०० |
| सदस्यहरूसंग बांकी ऋण | १२ | ३१५,३५३,८२३.२५ | २२८,९३९,३०५.७९ |
| पेश्की, सापटी तथा धरौटी र पाउनु पर्ने हिसाब | १३ | २,६८३,९००.६१ | १०,४२८,४०९.५३ |
| स्थिर सम्पत्ति | ४ | २१,५७०,१४७.५० | १३,५९९,४७५.०३ |
| अन्तिम सामाग्री मौज्दात | १४ | ३८०,४३७.०७ | ३९६,४३५.५२ |
| जम्मा | | ४४,४९,५०,७१४.८८ | ३३८,३१६,८६८.२१ |

प्रमुख लेखा नीति तथा टिप्पणीहरू
१ देखि १४ सम्मका अनुसुचीहरू स्थिति विवरण पत्रका अभिन्न अंग हुन् ।

२० हाम्रो सोही मितिको संलग्न प्रतिवेदन अनुसार

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैया घले** | **राम नारायण घिमिरे** | **हरि कृष्ण श्रेष्ठ** |
| | | | एच.के श्रेष्ठ एण्ड कं |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.-८, दाउरा डिपो, काठमाडौ**

**२०७२ साल श्रावण १ गतेदेखि २०७३ आषाढ मसान्तसम्मको**

## आय विवरण

| विवरण | अनुसुची | यस आ.व. रु | गत आ. व. रु. |
|---|---|---|---|
| व्याज आम्दानी | १५ | ४२,५८८,६१२.०९ | ३३,९६३,०६१.१२ |
| व्याज खर्च | १६ | (३३,०९९,३२८.४३) | (२६,२९३,९५७.०८) |
| **मोटामोटी वचत (नोक्सानी)** | | ९,४८९,२८३.६६ | ७,६६९,१०४.०४ |
| अन्य सञ्चालन आम्दानी | १७ | ६,१६१,५१९.६६ | ५,३२०,६८५.३४ |
| विविध आम्दानी | | - | - |
| **कुल सञ्चालन वचत(नोक्सानी)** | | १५,६५०,८०३.३२ | १२,९८९,७८९.३८ |
| कर्मचारी खर्च | १८ | (७,५४९,५०१.९३) | (५,७५०,८०४.३६) |
| अन्य सञ्चालन तथा प्रसासनिक खर्च | १९ | (३,४३१,७१८.४०) | (३,३१२,४५६.३२) |
| ह्रास खर्च | ४ | (६७३,३३१.२६) | (४४३,७६४.९३) |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन वचत (नोक्सानी) | | ३,९९६,२५१.७३ | ३,४८२,७६३.७७ |
| सम्भावित नोक्सानी व्यवस्था | | (३,०१७,०७७.५३) | (२,३९४,९१७.७५) |
| **सञ्चालन वचत(नोक्सानी)** | | ९७९,१७४.२० | १,०८७,८४६.०२ |
| गैर सञ्चालन आम्दानी (नोक्सानी) | | - | - |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | २,३९४,९१७.७५ | १,७६२,५७३.०० |
| **सम्पुर्ण कारोवार समावेस पछिको खुद मुनाफा** | | ३,३७४,०९१.९५ | २,८५०,४१९.०२ |
| कर्मचारी बोनस तथा अन्य व्यवस्था | | (३३७,४०९.१९) | - |
| आयकर अघिको नाफा | | ३,०३६,६८२.७५ | २,८५०,४१९.०२ |
| आयकर व्यबस्था | ७ | (६०७,३३६.५५) | (५७०,०८३.८०) |
| यस वर्षको | | - | - |
| गत वर्षसम्मको | | - | - |
| स्थगन आयकर आम्दानी (खर्च) | | - | - |
| कर भुक्तानीमा तिरेको व्याज तथा जरिवाना | | - | - |
| खुद वचत (घाटा) | | २,४२९,३४६.२० | २,२८०,३३५.२२ |

नं. १५ देखि १९ सम्मका अनुसुचीहरू आय विवरणका अभिन्न अंग हुन् । हाम्रो सोही मितिको संलग्न प्रतिवेदन अनुसार

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैया घले** | **राम नारायण घिमिरे** | **हरि कृष्ण श्रेष्ठ**<br>एच.के श्रेष्ठ एण्ड कं |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-८, दाउरा डिपो, काठमाडौं

**इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण २०७३**

| विवरण | शेयर पूँजी | सञ्चित बचत (घाटा) | जगेडा कोष | पुन मुल्यांकन कोष | शेयर प्रिमियम | सटहि घटबढ | स्थगन कर | अन्य कोष | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| मौज्दात आषाढ २०७१।०७२ | १५,४८४,८००.०० | - | ३,८२२,०७५.८२ | - | - | - | - | ४,६८२,९७२.३६ | २३,९८९,८४८.१८ |
| लेखा नीतिमा परिवर्तन | - | - | - | - | - | - | - | - | - |
| पुनर्स्थापित मौज्दात | १५,४८४,८००.०० | - | ३,८२२,०७५.८२ | - | - | - | - | ४,६८२,९७२.३६ | २३,९८९,८४८.१८ |
| समायोजन | - | - | - | - | - | - | - | - | - |
| सम्पति पुनर्मूल्यांकन बचत (घाटा) | - | - | - | - | - | - | - | - | - |
| आय विवरणमा समावेश नगरिएको नाफा (नोक्सान) | - | - | - | - | - | - | - | - | - |
| यस वर्षको खुद नाफा | - | २,४२९,३४६.२० | - | - | - | - | - | - | २,४२९,३४६.२० |
| लाभांश | - | (१,६८५,५००.००) | - | - | - | - | - | - | (१,६८५,५००.००) |
| शेयर पूंजी थप | ४,६२०,३००.०० | - | - | - | - | - | - | - | ४,६२०,३००.०० |
| साधरण जगेडा कोष | - | (६०७,३३६.५५) | ६०७,३३६.५५ | - | - | - | - | १,८२२,००९.६५ | १,८२२,००९.६५ |
| अन्य कोष | - | (१३६,५०९.६५) | ९२३,५९५.५० | - | - | - | - | (९२३,८०६.११) | (१३६,७२०.२६) |
| मौज्दात अषाढ २०७२।०७३ | २०,१०५,१००.०० | ०.०० | ५,३५३,००७.८७ | - | - | - | - | ५,५८१,१७५.९० | ३१,०३९,२८३.७८ |

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैया घले** | **राम नारायण घिमिरे** | **हरि कृष्ण श्रेष्ठ**<br>एच.के श्रेष्ठ एण्ड कं |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-८, दाउरा डिपो, काठमाडौ

**२०७२ साल श्रावण १ गतेदेखि २०७३ आषाढ ३१ गते सम्म**

## नगद प्रवाह विवरण

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| **कार्यशील पूँजी परिवर्तन अघिको सञ्चालन गतिविधीबाट नगद प्रवाह** | | |
| आयकर व्यवस्था अगाडीको नाफा | ३,०३६,६८२.७५ | २,२८०,३३५.२२ |
| **आयकर तथा असाधारण आम्दानी खर्च अगाडीको खुद नाफा समायोजन** | | |
| जोड्ने (+) | | |
| स्थिर सम्पत्ति विक्रीमा नोक्सान | - | - |
| ह्रासकट्टी | ६७३,३३१.२६ | ४४३,७६४.९३ |
| कर्मचारी बोनस कोष | ३३७,४०९.१९ | - |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था | ३,०१७,०७७.५३ | - |
| घटाउने (- ) | | |
| स्थिर सम्पत्ति विक्रीमा नाफा | - | - |
| कार्यशील पूँजी परिवर्तन अघिको सञ्चालन नगद प्रवाह | ७,०६४,५००.७४ | २,७२४,१००.१५ |
| १) चालू सम्पत्तिमा भएको कमी (वृद्धि) | १५,९९८.४५ | (५,७१५,०३६.५६) |
| २) चालू दायित्वमा भएको वृद्धि (कमी) | (३,०९९,८३४.२२) | २,१७०,९१९.७५ |
| ३) पेश्की, सापटी तथा धरौटीमा भएको कमी(वृद्धि) | ७,७४४,५०८.९२ | - |
| ४) कर भुक्तानी | (५७०,०८३.८०) | - |
| सञ्चालन गतिविधिबाट खूद नगद प्रवाह (क) | ११,१५५,०९०.०९ | (८२०,०१६.६६) |
| ख. लगानी कारोबारको नगद प्रवाह | | |
| स्थिर सम्पत्ति (खरीद) विक्री | (८,६४४,००३.६४) | (९०६,५८५.९८) |
| सम्पत्ति समायोजन | - | (०.५०) |
| दीर्घकालिन लगानीबाट प्राप्त आम्दानी | - | - |
| लगानी | (१०,०००.००) | - |
| लगानी कारोबारको कुल नगद प्रवाह (ख) | (८,६५४,००३.६४) | (९०६,५८६.४८) |
| ग. वित्तिय कारोबारबाट नगद प्रवाह | | |
| निक्षेपमा (कमी) वृद्धी | १००,२५२,०७४.८० | ६६,६८१,८४४.२८ |
| शेयर पूंजी (कमी) वृद्धी | ४,६२०,३००.०० | १,४६०,७००.०० |
| ऋण तथा सापटी रकममा भएको (कमी) वृद्धी | (८६,४१४,५१७.४६) | (७१,०८०,६२९.१०) |
| अन्य कोषमा (कमी) वृद्धी | ५२१,८८२.११ | (१,४९२,१७४.७६) |
| लाभांस भुक्तानी | (१,४८१,६६१.६९) | - |
| वित्तिय कारोबारबाट कुल नगद प्रवाह (ग) | १७,४९८,०७७.७६ | (४,४३०,२५९.५८) |
| यस वर्षको सम्पूर्ण गतिविधीबाट नगद प्रवाह (क+ख+ग) | १९,९९९,१६४.१२ | (६,१५६,८६२.७२) |
| नगद तथा बैकमा रहेको शुरु मौज्दात | ८३,९२७,२४२.३४ | ९०,०८४,१०५.०६ |
| नगद तथा बैकमा रहेको अन्तिम मौज्दात | १०३,९२६,४०६.४६ | ८३,९२७,२४२.३४ |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-८, दाउरा डिपो, काठमाडौ

## २०७३ आषाढ मसान्तसम्मको लेखासंग सम्बन्धीत अनुसूचीहरू

### जगेडा कोष

अनुसूची १

| विवरण | नाफाबाट बांडफांड | यसवर्ष जम्मा थपघट | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|---|
| जगेडा कोष | ६०७,३३६.५५ | ९२३,५९५.५० | ५,३५३,००७.८७ | ३,८२२,०७५.८२ |
| जम्मा | ६०७,३३६.५५ | ९२३,५९५.५० | ५,३५३,००७.८७ | ३,८२२,०७५.८२ |

### अन्य कोष

अनुसूची २

| विवरण | नाफाबाट बांडफांड | यसवर्ष जम्मा थपघट | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|---|
| शेयर लाभांश कोष | १,६८५,५००.०० | (१,३३६,००३.४२) | १,६८५,५००.०० | १,३३६,००३.४२ |
| संरक्षित पूँजि फिर्ताकोष | १५,०००.०० | (५२,६७२.८०) | १५,०००.०० | ५२,६७२.८० |
| कर्मचारी बोनस कोष | - | १६६,८०६.२५ | ३३९,६२३.८५ | १७२,८१७.६० |
| सहकारी विकाश कोष | १५,०००.०० | (४६,५५१.०१) | १५,०००.०० | ४६,५५१.०१ |
| सहकारी शिक्षा तथा तालिम कोष | ३१,५०९.६५ | (२८,२१८.२३) | ३१,५०९.६५ | २८,२१८.२३ |
| सहकारी संस्था स्थिरीकरण कोष | १५,०००.०० | (३९,३३४.३०) | १५,०००.०० | ३९,३३४.३० |
| घाटा पूर्तिकोष | १५,०००.०० | (१४५,३२४.११) | १५,०००.०० | १४५,३२४.११ |
| डुबन्त ऋण कोष | ४५,०००.०० | (१८५,३६८.२७) | ४५,०००.०० | १८५,३६८.२७ |
| सदस्य हित कोष | - | १२०,७००.०० | ४०२,४६४.८७ | २८१,७६४.८७ |
| जम्मा | १,८२२,००९.६५ | (१,५४५,९६५.८९) | २,५६४,०९८.३७ | २,२८८,०५४.६१ |
| जोखिम बेर्होने कोष | - | ६२२,१५९.७८ | ३,०१७,०७७.५३ | २,३९४,९१७.७५ |
| | - | ६२२,१५९.७८ | ३,०१७,०७७.५३ | २,३९४,९१७.७५ |

## तिर्न बांकी ऋण तथा कर्जा सापटी

अनुसूची ३

| विवरण | यस आ.व. रु. | | गत आ.व. रु. | |
|---|---|---|---|---|
| | भाका नाघेको | भाका ननाघेको | भाका नाघेको | भाका ननाघेको |
| क वर्गका वाणिज्य बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | - | - | - | - |
| ख वर्गका विकास बैक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | - | - | - | - |
| ग वर्गका बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | - | - | - | - |
| घ वर्गका बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | - | - | - | - |
| राष्ट्रिय सहकारी बैकबाट लिएको ऋण रकम | - | - | - | - |
| अन्य सहकारी तथा वित्तिय संघबाट लिएको ऋण रकम | - | - | - | - |
| जम्मा | - | - | - | - |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. -८, दाउरा डिपो, काठमाडौं

## २०७३ आषाढ मसान्तसम्मको लेखासंग सम्बन्धीत अनुसूचीहरू

### शेयर पूँजी

अनुसूची ५

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| गत आ.व सम्मको शेयर पूँजि | १५,४८४,८००.०० | १५,४८४,८००.०० |
| यस आ. व. मा थप शेयर रकम | ४,८३८,६००.०० | - |
| यस आ.व. मा फिर्ता शेयर रकम | (२१८,३००.००) | - |
| कुल शेयर पूँजि | २०,१०५,१००.०० | १५,४८४,८००.०० |

### निक्षेप दायित्व

अनुसूची ६

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| नियमित बचत | ५,७०२,५८७.५९ | ६,२८४,५८५.४५ |
| साधारण बचत | ७२,५५८,२९०.६१ | ४६,९२७,३९६.५८ |
| सदस्य सेवा बचत | ७५०,३७१.४८ | - |
| आवधीक बचत | ७४,०४४,४३०.०० | ३५,८०५,५५०.०० |
| बाल शैक्षिक बचत | १७,०७३,१८६.०३ | १३,२८३,२६२.९६ |
| सुनौलो बचत | १८,७८४,५४७.८३ | १८,८८९,०७५.०६ |
| देवदर्शन बिशेष बचत | ६१,६२६,४६८.३४ | ५७,८९५,६०९.९७ |
| नारी उत्थान बचत | ८३५,७४७.१६ | ६२५,८५१.३७ |
| देवदर्शन पेन्सन बचत (३ वर्षे) | ९३,५६८,०००.०० | १,७६५,०००.०० |
| लघु बोनस अवधि | २९१,६५९.२६ | ९४९,६५०.०३ |
| पेन्सन बचत | - | ७५,६६३,९६८.०० |
| संचयकोष बचत | ६६,२७१.५० | ३३,०३८.६५ |
| बोनस अवधि बचत | ४,४९८,६६८.७६ | ६,७२१,४५८.९२ |
| कल डिपोजित | ३५,०२५,५७४.४८ | १९,७५६,४३२.६८ |
| चालू(कर्जासंकलन) | ११,३४४,९९९.६८ | १०,९८२,३५८.५९ |
| अवधि बचत | १०,७७९,७७४.१५ | ११,११९,८१७.८८ |
| नागरकि लगानी कोष | ४,५५४.०७ | - |
| जम्मा | ४०६,९५५,१३०.९४ | ३०६,७०३,०५६.१४ |

## आयकर ब्यवस्था

अनुसूची ७

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| आयकर ब्यवस्था | ६०७,३३६.५५ | ५७०,०८३.८० |
| जम्मा | ६०७,३३६.५५ | ५७०,०८३.८० |

## अन्य दायित्व हिसाब तथा ब्यवस्था

अनुसूची ८

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| भुक्तान बाँकी ब्याज | ४,३४२,११२.९५ | ४,१४१,२७४.०१ |
| प्रभू म्यानेजमेन्ट प्रा. लि. | ५७०.०० | ४२,९५५.०० |
| आई एम इ | (४०,९३६.००) | - |
| लेखापरीक्षण शुल्क | ५०,०००.०० | २७,०००.०० |
| कर्मचारी विदा कोष | ३४०,७८७.०२ | २४२,२२९.७० |
| भवन निर्माण धरौटी | - | ११५,६२६.६६ |
| घर भाडा कर | - | २,९३१.७० |
| उपदान कोष | ६४५,७१०.४१ | ४७२,२६०.४१ |
| बैठक भत्ता कर | - | २९,३२५.०० |
| व्याज मुल्तवी | ७१५,६८७.८५ | १,३७१,३३८.२३ |
| व्याज कर | २७०,५६४.४७ | ६०२,९३९.३८ |
| धरौटी | ८,०००.०० | ६,०००.०० |
| कर्जा नोक्सानी व्यवस्था | - | २,३९४,९१७.७५ |
| भुक्तान बांकी करकट्टी | १६,४६६.९२ | - |
| जम्मा | ६,३४८,९६३.६२ | ९,४४८,७९७.८४ |

## नगद मौज्दात

अनुसूची ९

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| नगद मौज्दात | ३,१४५,९१३.०० | १,२८४,६२८.०० |
| जम्मा | ३,१४५,९१३.०० | १,२८४,६२८.०० |

## बैंक मौज्दात

अनुसूची १०

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| **क वर्गका वाणिज्य बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| नेपाल क्रेडिट एण्ड कर्मस बैंक लि. | २३,५१०,२८४.९७ | ३४,६९३,८५३.६४ |
| एभरेष्ट बैंक लि. | १०,४६०,६१८.१० | १८,४९२,८०२.६९ |
| सिर्द्धाथ बैंक लि. | ३०,७२७,६५८.८६ | १७,४७९,३७१.५३ |
| ग्लोबल आइ एम इ बैंक लि. | १३,०९६,९३५.०८ | - |
| **ख वर्गका विकास बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| राष्ट्रिय सहकारी बैंक लि. | २१,९५१,८९७.९५ | ११,९५८,५८६.४८ |
| **ग वर्गका बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| **घ वर्गका बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| नेफ्स्कून | २४,०००.०० | १८,०००.०० |
| कास्कून | ५०३,०३२.५५ | - |
| कास्कून (नियमित) | ६,०६५.९५ | - |
| आइ एम इ को अपरेटिभ | ५००,०००.०० | - |
| जम्मा | १००,७८०,४९३.४६ | ८२,६४२,६१४.३४ |

## व्यवसायिक लगानी

अनुसूची ११

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लि. | १०,०००.०० | १०,०००.०० |
| नेफ्स्कून | ११,०००.०० | ११,०००.०० |
| जिल्ला सहकारी संघ लि. | ५,०००.०० | ५,०००.०० |
| उपकार चाउचाउ | १,०००,०००.०० | १,०००,०००.०० |
| कास्कून | १०,०००.०० | - |
| जम्मा | १,०३६,०००.०० | १,०२६,०००.०० |

## सदस्यहरूसंग बाँकी लगानी

अनुसूची १२

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| घरायसी कर्जा | १६,५७९,३४२.८९ | ९,२०९,५३८.६१ |
| लघु कर्जा(सा.ज.) | ३९,६३८,५००.७९ | १,०९३,५५०.७९ |
| हायर पर्चेज कर्जा | ३५,८६३,२२०.२८ | २२,२९१,९६५.९९ |
| मुद्दती रसीद धितो कर्जा | ४,७६२,८५९.०० | ३,६३५,०००.०० |
| सहूलियत कर्जा | - | २९९,९९६.९३ |
| छोटो अवधि कर्जा | २३,०१२,८४७.०७ | १८,५८८,४२६.६५ |
| लघू कर्जा | २४,२४०,०१०.८६ | ५७,५००,३४०.१२ |
| व्यवसायिक धितो कर्जा | १७१,२५७,०४२.३६ | ११६,३२०,४८६.७० |
| जम्मा | ३१५,३५३,८२३.२५ | २२८,९३९,३०५.७९ |

## पेश्की सापटी तथा धरौटी र पाउनुपर्ने हिसाब

अनुसूची १३

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| अन्य पेश्की | १८,८६३.०० | ७,४८९,६३९.०० |
| प्रशासनिक पेश्की | ७६,८५५.०० | ८८,१२५.०० |
| कर्मचारी पेश्की | ८४,०००.०० | ८३,३००.०० |
| पाउनुपर्ने व्याज | ७१५,६८७.८५ | १,३७१,३३८.२३ |
| प्रभू म्यानेजमेन्ट प्रा. लि.(धरौटी) | १००,०००.०० | १००,०००.०० |
| अग्रीम भुक्तानी हिसाब | १,६७८,५९४.७६ | १,२८६,१०७.३० |
| धरौटी | ९००.०० | ९,९००.०० |
| धरौटी टेलिफोन | ९,०००.०० | - |
| जम्मा | २,६८३,९००.६१ | १०,४२८,४०९.५३ |

## अन्तिम सामाग्री मौज्दात

अनुसूची १४

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| फूटकर टिकाउ | ७६,२२४.८१ | ६७,०९६.८१ |
| मसलन्द मौज्दात | ३०४,२१२.२६ | ३२९,३३८.७१ |
| जम्मा | ३८०,४३७.०७ | ३९६,४३५.५२ |

## ब्याज आम्दानी

अनुसूची १५

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| **ब्याज आम्दानी (ऋण)** | | |
| आवधीक रसिद धितो कर्जा | ८७४,४९४.३० | ६१५,६४५.८१ |
| हायर पर्चेज कर्जा | ३,८९२,७७९.८३ | ३,१५६,००६.०० |
| व्यवसायिक धितो कर्जा | १९,२८५,९८७.४० | १३,८७४,९९९.६७ |
| सामूहिक जमानी कर्जा | - | ४९,३००.०० |
| घरायसी कर्जा | १,७७७,११६.८७ | १,६७५,३०४.०३ |
| छोटो अवधि कर्जा | ३,८३२,३३५.५२ | १,८७७,०६०.२२ |
| सहूलियत कर्जा | १६,९६३.८६ | ५५,६१२.०४ |
| लघु कर्जा(सा.ज.) | २,९२३,९९७.५२ | - |
| लघु कर्जा | ७,६५१,१६१.८० | ९,६२७,३२८.५८ |
| अस्थायी बसोबास कर्जा | ८,८५८.८१ | - |
| **ब्याज आम्दानी (बैंक)** | | |
| व्याज आम्दानी (बैक) | २,३२४,९१६.१८ | ३,०३१,८०४.७७ |
| जम्मा | ४२,५८८,६१२.०९ | ३३,९६३,०६१.१२ |

## ब्याज खर्च

अनुसूची १६

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| आवधीक बचत व्याज खर्च | ५,२७६,८२१.९० | ५,०८५,२८७.७५ |
| नियमित अवधि बचत व्याज खर्च | ९२६,६२६.३६ | ९१४,५३६.७० |
| नागरिक लगानी कोष व्याज खर्च | ४,७९३.७३ | - |
| साधारण बचत व्याज खर्च | ४,०६७,०२८.३१ | २,७६३,३२३.७५ |
| सदस्य सेवा ऋचत व्याज खर्च | ७१६.५४ | - |
| देवदर्शन विशेष बचत व्याज खर्च | ३,२२४,६२६.९९ | २,९१८,४३३.३६ |
| कल डिपोजित व्याज खर्च | २,१८३,६५२.३२ | २,१४६,४१८.८४ |
| बाल शैक्षिक बचत व्याज खर्च | १,५२८,९०९.३० | १,५५६,९२४.३२ |
| देवदर्शन पेन्सन बचत | १२,७०४,२९१.६२ | ८,१७३,५५९.७७ |
| नारी उत्थान बचत व्याज खर्च | ६७,८०३.१८ | ४८,१२३.०६ |
| संचयकोष बचत ब्याज खर्च | १४,५८१.९३ | १४,४३९.२९ |
| लघु बोनस अवधि बचत व्याज खर्च | ७६,२५८.५३ | ८१,२११.११ |
| सुनौलो बचत | १,५१४,१००.४२ | १,१२८,९७३.४९ |
| अवधि बचत | ८६२,६२२.१२ | ८३०,३५६.५७ |
| बोनस अवधि बचत | ६४६,४९५.१८ | ६३२,३६९.०७ |
| जम्मा | ३३,०९९,३२८.४३ | २६,२९३,९५७.०८ |

## अन्य संचालन आम्दानी

अनुसूची १७

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| प्रकृयागत शुल्क | ३,३२६,५५१.०० | २,७५१,८२७.०० |
| कर्जा फाराम शुल्क | ३७,०००.०० | ३२,३००.०० |
| सदस्य शुल्क | २६,८००.०० | १३,२००.०० |
| खाता बन्द शुल्क | १६,०७६.६३ | १५,७६३.४९ |
| फिल्ड निरीक्षण शुल्क | ५३,८००.०० | ५८,०००.०० |
| कर्जा नविकरण | १,४६०,९१६.०० | १,२१३,३५२.०० |
| व्यवसाय मुल्यांकन शुल्क | २८४,१००.०० | २५६,६७५.०० |
| धितो मुल्यांकन शुल्क | ३७६,८३५.०० | ३३८,५२५.०० |
| अग्रीम भुक्तान | ६,१००.०० | ७,३००.०० |
| शेयर लाभांश आम्दानी | १,२३५.०० | १,३०३.५६ |
| व्यवस्थापकिय शुल्क | ५१५,२००.०० | ४७३,६५०.०० |
| विविध आम्दानी | ५४,६५६.०३ | १५८,७८९.२९ |
| घरभाडा आम्दानी | २,२५०.०० | - |
| जम्मा | ६,१६१,५१९.६६ | ५,३२०,६८५.३४ |

## कर्मचारी खर्च

अनुसूची १८

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| तलब तथा भत्ता | ६,२३१,३१८.५१ | ४,६९७,७०३.२५ |
| दशैं खर्च | ३८८,६००.०० | २६४,०८०.०० |
| कर्मचारी विदा | १४९,८७३.४२ | २४८,२०५.११ |
| कर्मचारी औषधी उपचार | ३८८,९००.०० | २५६,४८०.०० |
| कर्मचारी संचयकोष | ३८९,६१०.०० | २७२,३३६.०० |
| कर्मचारी प्रोत्साहन | १,२००.०० | १२,०००.०० |
| जम्मा | ७,५४९,५०१.९३ | ५,७५०,८०४.३६ |

## प्रशासनिक खर्च

अनुसूची १९

| विवरण | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|
| संस्था विकास तथा प्रर्बधन खर्च | ४९,१५०.०० | ९४,२७८.०० |
| घरभाडा खर्च | - | १२८,३१७.०० |
| सहकारी वार्षिकोत्सव खर्च | ११०,६४९.०० | - |
| बिद्यूत तथा पानी महसुल | २२,५६४.०० | ६५,०८५.०० |
| पार्किङ्ग भाडा खर्च | - | ११,०००.०० |
| मर्मत संभार खर्च | १३७,७९५.०० | २६०,०४५.०० |
| विमा खर्च | ७२,८९५.७० | ७५,६०९.८५ |
| टेलिफोन, इमेल, हूलाक महसूल | ७१,४१८.०० | ७४,७९६.०० |
| मसलन्द तथा छपाइ खर्च | १९८,८००.२० | १९१,१९२.६६ |
| सवारी इन्धन खर्च | ३३५,२१४.५० | ५४०,५२३.५० |
| अतिथी सत्कार खर्च | १५,८९९.०० | १७,४५९.०० |
| कार्यालय चियापान तथा खाजा खर्च | ४६,३८८.०० | ५८,५७४.०० |
| सरसफाइ खर्च | १२,९५२.०० | १४,१८३.०० |
| शूल्क, दस्तुर तथा नविकरण खर्च | ७,३५५.०० | ३३,४४६.७० |
| आर्थिक सहयोग खर्च | २४,५००.०० | १९,५००.०० |
| कर्मचारी उपदान खर्च | १७३,४५०.०० | १०५,१४०.०० |
| कर्मचारी तालिम खर्च | ४०,५६०.०० | ३,६००.०० |
| टुटफुट खर्च | - | १०,००३.०१ |
| लेखापरीक्षण शुल्क | ७५,०००.०० | ७५,०००.०० |
| कार्यालय पोशाक खर्च | २३९,४००.०० | १९१,९५०.०० |
| पत्रपत्रिका खर्च | ४२,६०५.०० | १६,५१०.०० |
| वार्षिक साधारणसभा खर्च | ५५१,६१६.०० | ४५१,८५३.६० |
| बैठक भत्ता | १६५,५००.०० | १९५,५००.०० |
| स्थानिय पारवहन खर्च | - | ४२,०५०.०० |
| क्यालेण्डर छपाइ तथा वितरण खर्च | ६३१,०६३.०० | २४४,२७५.०० |
| विविध उत्सव तथा समारोह | २३७,७१७.०० | २६०,८८५.०० |
| धारा जडान खर्च | ४९,६६०.०० | - |
| सल्लाहकार भत्ता | ६५,६००.०० | - |
| विविध खर्च | ५३,९६७.०० | १३१,६८०.०० |
| जम्मा | ३,४३१,७१८.४० | ३,३१२,४५६.३२ |

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. –८, दाउरा डिपो, काठमाडौं

## अचल सम्पत्तिको विवरण

अनूसुची ४

| विवरण | सुरु मौज्दात | थप खरीद जम्मा | बिक्री समायोजन | ह्रासयोग्य सम्पत्ति | ह्रास कट्टी दर | गत वर्षसम्मको ह्रास कट्टी | यस वर्षको ह्रासकट्टी | जम्मा ह्रासकट्टी | पूजिकृत गरिएको सम्पत्ति मूल्य | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ह्रासकट्टी नहुने सम्पत्ति | | | | | | | | | | |
| जग्गा | ४,७२८,२८४.०० | – | – | ४,७२८,२८४.०० | | – | – | – | – | ४,७२८,२८४.०० |
| समूह-क | | | | | ५% | | | | | |
| भवन तथा निर्माण | ७,४८१,५५६.०० | ८,३०५,९२४.९१ | – | १५,७८७,४८०.९१ | | – | २६३,१२४.६८ | २६३,१२४.६८ | – | १५,५२४,३५६.२३ |
| समूह-ख | | | | | २५% | | | | | |
| काठ तथा धातु फर्निचर | २४६,८३२.५३ | ३४,३४४.०० | – | २८१,१७६.५३ | (WDV) | ३३५,२७१.६९ | ६७,५९८.८१ | ४०२,८७०.५० | – | २१३,५७७.७२ |
| कम्प्युटर तथा एक्सेसरिज | ४२२,२२३.०४ | – | – | ४२२,२२३.०४ | | २७५,३९३.५५ | १०५,५५५.७६ | ३८०,९४९.३१ | – | ३१६,६६७.२८ |
| कार्यालय पार्टिशन | ४०५,७२३.२० | – | – | ४०५,७२३.२० | | ५५५,९९१.०६ | १०१,४३०.८० | ६५७,४२१.८६ | – | ३०४,२९२.४० |
| कार्यालय सामान | १७६,४५६.०८ | ३०३,७३४.७३ | – | ४८०,१९०.८१ | | १९८,३७२.४८ | १०५,४११.८९ | ३०३,७८४.३७ | – | ३७४,७७८.९२ |
| समूह-ग | | | | | २०% | | | | | |
| मोटरसाइकल | ८७,८१४.८२ | – | – | ८७,८१४.८२ | (WDV) | ८३,६९८.५१ | १७,५६२.९६ | १०१,२६१.४७ | – | ७०,२५१.८६ |
| समूह-घ | | | | | १५% | | | | | |
| सोलार | – | – | – | – | (WDV) | – | – | – | – | – |
| समूह-ङ | | | | | २०% | | | | | |
| सफ्टवेयर | ५०,५८५.४५ | – | – | ५०,५८५.४५ | (SLM) | ६९,३२०.८० | १२,६४६.३६ | ८१,९६७.१६ | – | ३७,९३९.०९ |
| जम्मा | १३,५९९,४७५.०३ | ८,६४४,००३.६४ | – | २२,२४३,४७८.७६ | | १,५१८,०४८.०९ | ६७३,३३१.२६ | २,१९१,३७९.३५ | – | २१,५७०,१४७.५० |

नोटः आयकर ऐन २०५८ अनुसार राखिएको छ । ह्रासकट्टी दर संचालक समिति आफैले पनि राख्न सक्नेछन् ।

.................................
प्रबन्धक
**प्रविण सिलवाल**

.................................
उपाध्यक्ष
**बेली मैंया घले**

.................................
अध्यक्ष
**राम नारायण घिमिरे**

.................................
रजिर्ष्टड लेखापरीक्षक
**हरि कृष्ण श्रेष्ठ**
एच.के श्रेष्ठ एण्ड कं

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा-८., दाउरा डिपो, काठमाडौ**

**आर्थिक वर्ष २०७२।२०७३ को**

## लेखा नीति तथा तत्सम्बन्धि टिप्पणीहरू

अनुसुची २०

## प्रमुख लेखा नीतिहरू

### संस्था सम्बन्धि सामान्य जानकारी

यस देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ अर्न्तगत सहकारी डिभिजन कार्यालय, काठमाडौं दर्ता भएको संस्था हो । यस संस्थाको कार्यालय चन्द्रागिरि न.पा ०८, दाउरा डिपो, काठमाडौंमा रहेको छ। यस संस्था आयकरमा २०६६।०३।३० मा दर्ता भएको हो र यसको पान दर्ता नं ३०३७४३८७५ रहेको छ । यस संस्थाको कार्य क्षेत्र साविकको थानकोट गा.वि.स, महादेवस्थान गा.वि.स, मातातिर्थ गा.वि.स, बलम्बु गा.वि.स भरि रहेको छ ।

### वित्तिय विवरण सम्बन्धि जानकारी

वित्तिय विवरणहरू अन्यथा उल्लेख गरिएका बाहेक ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य तथा लेखाका सर्वमान्य सिद्धान्त र सहकारी ऐन २०४८ को नीति निर्देशन जारी लेखामान सिद्धान्त बमोजिम अनुसार तयार पारिएका छन् । यस संस्थाले अपनाएका प्रमुख लेखा नीतिहरू निम्नानूसार छन् ।

### १. ब्याज गणना गर्ने तरिका

- ब्याज दिनूपर्ने निक्षेप खाताहरूमा ब्याज दिंदा र कर्जा सापटीमा ब्याज लिंदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरिएको छ ।
- कर्जा सापटीको ब्याज असूलीको आधारमा आम्दानी जनाउने गरिएको छ ।
- निक्षेप तर्फ दिईने ब्याज सम्झौता तथा करारमा उल्लेख भए अनूसार ब्याज खर्च गरिएको छ ।
- कर्जा सापटीको ब्याज आम्दानीलाई नगद प्राप्ती (Cash Basis) को आधारमा जनाउने गरिएको छ ।

### २. स्थिर सम्पत्ति तथा ह्रास कट्टी

- स्थिर सम्पत्तिहरू ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) मा देखाएको छ ।

- यस स्थिर सम्पत्तिहरूको ह्रास कट्टी घट्दो दर प्रणाली (Diminishing Balance Method) को आधारमा आयकर ऐन २०५८ को अनुसूचि २ ले निर्दिष्ट गरेको नीति नियमको आधारमा गरिएको छ ।
- यस संस्थाले रु २,०००।०० भन्दा कम मुल्यका सामानलाई सोझै खर्चको रुपमा लिइएको छ ।

## ३. कर्जा नोक्सानी ब्यवस्था कोष

गत आ.व.को जोखिम बेर्होर्ने कोष रु २,३९४,९१७।७५ लाई यस आ.व को आयमा समावेश गरि बांकी ऋणको ०।९६ प्रतिशत रकम रु ३,०१७,०७७।५३ पुन : कोषको व्यवस्था गरिएको छ ।

## ४. आयकर व्यवस्था

यस आ.व.मा आयकर ऐन तथा नियमावली बमोजिम संस्थाको कर योग्य आय रु ३,०३६,६८२।७५ मा २० प्रतिशत रु ६०७,३३६।७५ आयकर व्यवस्था गरिएको छ । आ.व. २०७१।०७२ मा आयकर व्यवस्था गरिएको रकम रु ५७०,०८३।८०, आर्थिक विधेयक २०७३ मा संसोधन भइ गत आ.व.मा आयकर नलाग्ने व्यवस्था गरेकोले दाखिला गरेको आयकरलाई यस आ.व. २०७२।०७३ मा स्थानान्तरण गरि कर मिलान गरिएको छ ।

## ५. लेखा विवरणको प्रस्तुति

लेखा विवरण ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य प्रचलन रहेका लेखा पद्धति, सहकारी ऐन तथा निति निर्देशन तथा नेपाल चार्टर्ड एकाउटेण्टस् संस्थाबाट जारी लेखामान सिद्धान्त बमोजिमको ढांचामा तयार गरिएका छन् ।

## ६. लगानी

विभिन्न संघ संस्थाको प्राथमिक शेयर लगानीलाई परल मोलको आधारमा लेखांकन गरिएको छ । सहकारी मापदण्ड २०६८ अन्तर्गत सहकारी संस्थाले अन्य कम्पनी तथा संस्थाहरूमा लगानी गर्न नपाइनेमा मापदण्ड जारी हुनु अघि उपकार चाउचाउमा लगानी रहेको रु १,०००,०००।०० हालसम्म कायम नै रहेको छ ।

## ७. कोषको वितरण

गत आ.व.मा बांडफांड गरिएको केहि कोषहरूबाट रकम वितरण गरि बांकी रहेको रकम पुन :जगेडाकोषमा जम्मा गरेको छ । वितरण गरिएको कोषहरूको विवरण निम्नानुसार छ :

| विवरण | यसवर्ष वितरण |
|---|---|
| शेयर लाभांश कोष | १,४८१,६६१.६९ |
| कर्मचारी बोनस कोष | १७०,६०२.९४ |
| सदस्य हित कोष | ८०,०००.०० |

**८. शेयर सदस्य संख्या**

प्रस्तुत संस्थाको शेयरसदस्य संख्याहरूमा महिला ४६५ तथा पुरुष ८४८ गरी जम्मा १३१३ जना रहेको छ ।

**९. मौज्दात**

संस्थाले खरीद गरेको स्टेशनरी तथा अन्य खपत हुने सामग्रीहरू आवश्यकता अनुरुप एकमुष्ठ रुपमा खरीद गरि खपतको आधारमा खर्च जनाइ बांकी रहेको मौज्दातमा उल्लेख गरिएको छ ।

# लेखा सम्बन्धि टिप्पणीहरू

## १. निक्षेप दायित्व

प्रस्तुत आ.व. को संकलित निक्षेप रु ४०६,९५५,१३०।९४ र सो निक्षेप शेयर पुंजीको १० गुणा भन्दा बढी रहेको पाइयो ।

## २. औसत ब्याजदर

यस आ.व.मा कर्जा लगानीमा औसत ब्याजदर १७।५० प्रतिशत र निक्षेपमा प्राप्त औसत ब्याजदरको लागत १२।५० प्रतिशत रहेको पाइयो, जसको आधारमा मुल्यांकन गर्दा औसत ब्याजदरको अन्तर (Average Spread Rate) ५ प्रतिशत रहेको पाइयो ।

## ३. ह्रास कट्टी

अचल सम्पत्तीको ह्रासकट्टी आयकर ऐन २०५८ गर्नुपर्नेमा, सो अनुसार नभइ संचालक समितिको निर्णयबाट स्वीकृत गरिए अनुरुप ह्रासकट्टी गरिएको पाइयो ।

## ४. लेखा विवरणको प्रस्तुती

गत आ.व.मा प्रस्तुत अंकहरूलाई यस आ.व.को अंकहरूसंग तुलना हुने गरि आवश्यकता अनुसार पुर्नगठन वा पुन वर्गीकरण गरि प्रस्तुत गरिएको छ । अंकहरूलाई नजिकको रुपैयांमा प्रस्तुत गरिएको छ ।

रजिर्ष्टड लेखापरीक्षक
हरिकृष्ण श्रेष्ठ
एच.के. श्रेष्ठ एण्ड कं

टिपोट (Note)